राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

Rastriya Jeewan Beema Company Limited

लगानी कार्यविधि, २०८१

CamScanner

सं.सं. बाट
स्वीकृत मिति :
२०८१/०५/३१
बैठक नं. ०७/०८१

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

लगानी कार्यविधि, २०८१

प्रस्तावना : कम्पनीको लगानीयोग्य वित्तीय साधन विविधिकरण गर्दै न्यून जोखिम तथा उच्च प्रतिफल हासिल हुने क्षेत्रमा सुरक्षित र पारदर्शी तवरले लगानी गर्ने उद्देश्यले कम्पनीको प्रबन्धपत्रको दफा ५ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरिएको छ ।

परिच्छेद–१

संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.१ संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "लगानी कार्यविधि, २०८१" हुनेछ ।

(ख) यो कार्यविधि समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

१.२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "समिति" भन्नाले कम्पनीको सञ्चालक समितिले गठन गरेको **लगानी समिति** सम्झनु पर्दछ ।

(ख) "कर्जा" भन्नाले कुनै चल अचल सम्पत्ति धितो वा बन्धक लिई वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई कम्पनीले निर्धारण गरेको शर्तमा दिने ऋण सम्झनु पर्दछ ।

(ग) "कुल लगानी" भन्नाले मुद्दती निक्षेप, मागेको बखत प्राप्त हुने निक्षेप, सरकारी सुरक्षणपत्र, संगठित संस्थाको शेयर वा डिवेञ्चर, घरजग्गा व्यवसाय, कृषि, पर्यटन, जलविद्युत र राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना लगायत कम्पनीको साधनबाट आयआर्जन हुने गरी भएको लगानी सम्झनु पर्दछ ।

(घ) "डिबेञ्चर" भन्नाले कुनै संगठित संस्थाले जायजेथा धितो राखी (सुरक्षित) वा नराखी (असुरक्षित) जारी गरेको ऋणपत्र सम्झनु पर्दछ ।

(ङ) "विभाग" भन्नाले लगानीको कार्य गर्ने वित्त व्यवस्थापन विभाग सम्झनु पर्दछ ।

(च) "शेयर" भन्नाले शेयर पूँजीको विभाजित अंश सम्झनु पर्दछ ।

CamScanner

(छ) "सरकारी ऋणपत्र" भन्नाले सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ अनुसार नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट निष्कासन गरेको ऋणपत्र वा बचतपत्र सम्झनु पर्दछ ।

(ज) "सामुहिक लगानी कोष (म्युच्युअल फण्ड)" भन्नाले प्रचलित धितोपत्र ऐन बमोजिम स्वीकृत योजना व्यवस्थापकले सञ्चालन गरेको लगानी कोष, एकाङ्क कोष वा समय समयमा धितोपत्र बोर्डले तोकिदिएको अन्य सहभागितामूलक कोष व्यवस्थापन कार्यक्रम सम्झनु पर्दछ ।

परिच्छेद–२

लगानीको स्रोत

२.१ कम्पनीले प्रत्येक महिनाको तेस्रो साताभित्र आगामी महिनामा मौज्दात रहने वित्तीय स्रोत देहाय बमोजिमको विवरण समावेश गरी प्रक्षेपण गर्नु पर्नेछ ।

(क) मुद्दती निक्षेप परिपक्व भई भुक्तानी हुने साँवा र ब्याज,
(ख) कर्जा तथा अन्य लगानीबाट प्राप्त हुने साँवा र ब्याज,
(ग) कम्पनीको विभिन्न बीमा योजना तथा कार्यक्रमहरुबाट प्राप्त हुने बीमा शुल्क,
(घ) कल खाताहरुको मौज्दात,
(ङ) लगानीबाट प्राप्त हुने लाभांश,
(च) प्रबन्धपत्रको दफा ५ बमोजिमको कार्यहरु गर्दा प्राप्त हुने आम्दानी,
(छ) अन्य आम्दानी ।

२.२ कम्पनीले प्रत्येक महिनाको तेस्रो साता भित्र आगामी महिना हुने कुल खर्च देहाय बमोजिमको विवरण समावेश गरी प्रक्षेपण गर्नु पर्नेछ ।

(क) विभिन्न बीमा योजनाको दाबी भुक्तानी (अवधि समाप्त, चुक्ता दाबी, समर्पण, मृत्यू दाबी) र बीमितलाई विमालेखमा कर्जा,
(ख) कम्पनीको स्वीकृत बजेट अनुसारको सम्पूर्ण व्यवस्थापन खर्च, पूँजीगत खर्च,
(ग) अन्य खर्च ।

२.३ कम्पनीको प्रक्षेपित कुल वित्तीय स्रोतबाट कुल खर्च कटाई बाँकी रहने अनुमानित खुद लगानी योग्य रकमको लगानी प्रक्रिया अघि बढाउनु पर्नेछ ।

२.४ लगानीको स्रोतको गणना गर्दा कल खाताहरुको मौज्दात र आगामी महिनामा परिपक्व हुने मुद्दती निक्षेपको साँवा तथा ब्याज आम्दानीको यथार्थ विवरण लगानी समितिमा पेश गर्ने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

CamScanner

परिच्छेद– ३

लगानीको क्षेत्र र सीमा

३.१ लगानीको क्षेत्र र सीमा देहाय बमोजिम हुनु पर्नेछ ।

क्र.सं	लगानीको क्षेत्र	क्षेत्रगत सीमा	उपक्षेत्रगत सीमा	कैफियत
१	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा नेपाल राष्ट्र बैंकको बचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त बचतपत्र वा ऋणपत्र	कुल लगानीको कम्तीमा २५ प्रतिशत सम्म ।		उल्लेखित सीमा अनुरुप लगानी गर्न सक्ने अवस्था नभएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गको बैंक वा पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्नुपर्ने ।
	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दती निक्षेप	कुल लगानीको कम्तीमा ३० प्रतिशत सम्म।	कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्ष नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा १५ प्रतिशत सम्म । तर सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा ५ प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने ।	
	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको "ख" वर्गको बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेप	कुल लगानीको बढीमा १० प्रतिशत सम्म।	कम्तीमा पाँच वर्ष संचालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्ष नाफामा रहेको राष्ट्रिय स्तरको "ख" वर्गको बैंक तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा ५ प्रतिशतसम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका राष्ट्रिय स्तरको "ख" वर्गको बैंक तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा २ प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने ।	उल्लेखित सीमा अनुरुप राष्ट्रिय स्तरको "ख" वर्गको बैंक तथा वित्तीय संस्थामा लगानी गर्दा "क" वर्गको बैंकभन्दा न्यूनतम ०.५ प्रतिशतले ब्याज बढी हुनुपर्नेछ ।
	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेप	कुल लगानीको बढीमा ५ प्रतिशत सम्म।	कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा २ प्रतिशत सम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा १ प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने ।	यस खण्डमा उल्लेख भएको सीमा अनुरुप "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा लगानी गर्दा "क" वर्गको बैंकभन्दा न्यूनतम १ प्रतिशतले ब्याज बढी हुनुपर्नेछ ।

CamScanner

	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गको बैंकको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र	कुल लगानीको बढीमा ३० प्रतिशत सम्म ।	लगानी गरिने कम्पनीको चुक्ता पूँजीको १० प्रतिशत भन्दा बढी हुने गरी लगानी गर्न नपाइने ।	
	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिबेन्चर र ऋणपत्र	कुल लगानीको बढीमा २० प्रतिशत सम्म ।	लगानी गरिने कम्पनीको चुक्ता पूँजीको १० प्रतिशत भन्दा बढी हुने गरी लगानी गर्न नपाइने ।	
	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको शेयर	कुल लगानीको बढीमा १० प्रतिशत सम्म ।	शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको १० प्रतिशत भन्दा बढी हुने गरी लगानी गर्न नपाइने ।	
	नागरिक लगानी कोष तथा म्यूचुअल फण्डका लगानी योजनाहरु	कुल लगानीको बढीमा ५ प्रतिशत सम्म।	कुल लगानीको १ प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने ।	
	घरजग्गा व्यवसाय	कुल लगानीको बढीमा १० प्रतिशत सम्म ।	• शहरी विकास र व्यवस्थित बसोबासलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सरकारको सम्बन्धीत निकायबाट स्वीकृति प्राप्त निर्माणाधिन वा निर्माण हुने संयुक्त वा सामूहिक आवास योजनामा लगानी गर्नुपर्ने। • एउटै क्षतिले एक लगानी गरिएको बाहेक अर्कोलाई असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटी) घरजग्गामा लगानीको २.५ प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने।	
	कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जल विद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्र	कुल लगानीको १० प्रतिशत सम्म ।	एउटै परियोजनामा कुल लगानी रकमको ५ प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने ।	• दोस्रो बजारबाट खरीद गरेको पूँजी यस क्षेत्रमा गरिएको लगानीमा उल्लेख गर्न नपाइने । • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।
	इन्भेष्टमेन्ट कम्पनीको शेयर	कुल लगानीको ५ प्रतिशत सम्म।		• लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।

CamScanner

-	विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड	कुल लगानीको बढीमा १.५ प्रतिशत	एकै फण्डमा बढीमा १ प्रतिशत सम्म लगानी गर्न सकिने ।	

३.२ कम्पनीले लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ । मूल्य घटबढ भई वा प्रिएम्टिभ राइट वा गाभ्ने तथा गाभिने प्रक्रियाका कारणले सम्पत्तिको मूल्य न्यूनतम सीमा भन्दा कम र उच्चतम सीमा भन्दा बढी लगानी भएको देखिएमा तीस कार्यदिन भित्र त्यस्तो लगानीलाई सीमाभित्र ल्याई सक्नु पर्नेछ । तर त्यसरी सीमाभित्र ल्याउने प्रयोजनको लागि कम्पनीको प्रतिफलमा क्षति पुग्ने गरी मुद्दती निक्षेप र डिवेन्चरमा गरिएको लगानी परिपक्व हुनु अगावै फिर्ता गरिने छैन ।

३.३ नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त विनिमय बजारमा सूचीकृत नभएका पब्लिक लिमिटेड कम्पनीमा लगानी गर्न र सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जल विद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत, प्रसारण लाइन, शिक्षा, स्वास्थ्य क्षेत्र, सेवामूलक क्षेत्र, विशिष्टीकृत लगानी कोष, नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्डमा लगानी पूर्व, निर्देशनमा उल्लेख भए भन्दा अन्य क्षेत्रमा लगानी गर्नु पूर्व तथा निर्देशनमा तोकिएको सीमा भन्दा बढी लगानी गर्नु पूर्व प्राधिकरणको स्वीकृति लिइनेछ ।

३.४ उपदफा ३.२ बमोजिमको लगानीमा सीमा निर्धारण गर्दा नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भएको पछिल्लो वित्तीय विवरण बमोजिमको कुल लगानीको आधारमा गर्नुपर्नेछ ।

परिच्छेद–४

मुद्दती निक्षेपमा लगानी विधि र प्रक्रिया

४.१ कम्पनीले प्रचलित ब्याजदर एवं वित्तीय बजारको अवस्था समेतको आधारमा ६ महिना देखि बढीमा १० (दश) वर्ष अवधिको मुद्दती निक्षेपमा लगानी गर्नेछ । मुद्दती निक्षेपमा नयाँ लगानी गर्ने समयावधि सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

CamScanner

४.२ कम्पनीले देहाय बमोजिमका मापदण्ड पूरा भएका नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंक, राष्ट्रिय स्तरको विकास बैंक, वित्त कम्पनी र पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्नेछ। उपरोक्त वित्तीय विवरण सम्बन्धित संस्थाले बोलकबोलको निवेदनमा निर्दिष्ट ढाँचा बमोजिम पेश गर्नुपर्नेछ ।

(क) जोखिम भारित सम्पत्तिमा पूँजी पर्याप्तता अनुपात (Capital Fund to Risk Weighted Assets Ratio) नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम भएको,

(ख) नेपाल राष्ट्र बैंकले तोकेको सीमा भन्दा बढी निष्कृय कर्जा (Non–Performing Loan) नरहेको,

(ग) सञ्चित नोक्सानीमा नरहेको,

(घ) नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारबाहीमा नपरेको वा समस्याग्रस्त घोषणा नभएको,

(ङ) सञ्चालक समितिले समय समयमा तोके बमोजिमका अन्य मापदण्डहरु पूरा गरेको ।

४.३ उपदफा ४.२ अनुसारको वित्तीय मापदण्ड पूरा गरेता पनि देहाय बमोजिमका शर्तहरु उल्लङ्घन गर्ने संस्थाहरुमा शर्त उल्लङ्घन भएको मितिले ६ (छ) महिनासम्म मुद्दती निक्षेपमा लगानी गरिने छैन ।

(क) बोलकबोलको सूचना र शिलबन्दी बोलकबोलमा उल्लेखित न्यूनतम मापदण्ड पूरा नभएमा,

(ख) परिपक्व भएको मुद्दती निक्षेप र सोमा पाकेको ब्याज समयमैं कम्पनीको निर्धारित खातामा प्रविष्टी नगरेमा,

(ग) कम्पनीसँगको अन्य कारोबार राफसाफमा बिलम्ब गरेमा,

(घ) बोलकबोल प्रक्रियामा समावेश भई कम्पनीले स्वीकृत गरेको निक्षेप अस्वीकार गरेमा ।

४.४ मुद्दती निक्षेपमा नयाँ लगानी गर्न देहाय बमोजिम बोलकबोल आव्हान गर्नुपर्नेछ ।

(क) अनुसूची १ बमोजिमको बोलकबोल सूचना तोकिएको ३ कार्यदिन भित्र आवेदन गर्न कम्पनीको वेभसाइटमा प्रकाशित गर्नुपर्नेछ । साथै, मापदण्ड

पुगेका सबै बैंक तथा वित्तीय संस्थाहरुलाई इमेल मार्फत जानकारी गराउनु पर्नेछ ।

(ख) सञ्चालक समितिले नयाँ मुद्दती निक्षेपको लगानीको लागि समयावधि परिवर्तन नगरेसम्म पछिल्लो समयावधि कायम गरी बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(ग) सामान्यतया महिनामा एक पटक सो महिनामा मुद्दती निक्षेपमा लगानी गर्ने रकमको बोलकबोल आव्हान गरिनेछ । तर ठूलो रकम आव्हान गर्दा ब्याजदर न्यून हुने सम्भावनालाई दृष्टिगत गरी एक पटकमा बढीमा रु १० अर्बसम्म मात्र बोलपत्र आव्हान गरिनेछ ।

४.५ कम्पनीले बोलकबोल देहाय बमोजिम प्राप्त गर्नुपर्नेछ ।

(क) बोलकबोल पत्र खामबन्दी र शिलबन्दी हुनु पर्नेछ । बन्द खामको जोर्निहरुमा संस्थाको छाप र बोलकबोल पेश गर्नेको दस्तखत हुनु पर्नेछ । रितपूर्वक प्राप्त भई दर्ता भएका बोलपत्रहरु सम्बन्धित संस्थालाई फिर्ता दिइने छैन ।

(ख) प्राप्त शिलबन्दी बोलपत्रको खाममा बोलपत्र प्राप्त मिति, समय र क्र.सं. उल्लेख गरी कम्पनीको लगानी शाखा प्रमुख र लगानी फाँटमा सोही दिन कार्यरत कुनै एक कर्मचारीले दस्तखत गर्नुको साथै छुट्टै रजिष्टरमा दर्ता गरी सम्बन्धित महाशाखा/शाखाले सुरक्षित तवरले राख्नु पर्नेछ । दर्ता रजिष्टर दुरुस्त र अद्यावधिक (बुझिने गरी) राख्नुपर्नेछ ।

४.६ बोलकबोलको निर्णय विधि र प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) तोकिएको समय भित्र तीन भन्दा कम बोलपत्र प्राप्त भएमा पहिले पेश भएका बोलकबोल कायमै राखी पुनः थप ३ कार्य दिनको लागि बोलपत्र आव्हान गरिनेछ ।

(ख) रितपूर्वक अनुसूची २ बमोजिम प्राप्त शिलबन्दी खाम समितिको बैठकमा खोलिनेछ । खोलिएका बोलपत्रको सबै पानाहरुको माथिल्लो भागमा बोलकबोल खोलिएको मिति उल्लेख गरी समितिको बैठकमा उपस्थित सबै सदस्यहरुले दस्तखत गर्नुपर्नेछ ।

(ग) यस कार्यविधि बमोजिमका मापदण्ड र शर्त पूरा नभएका बोलपत्रहरु निर्णय प्रक्रियामा समावेश गरिनेछैन ।

(घ) निर्णय प्रक्रियामा समावेश बोलपत्रहरुमा कबुल गरेको ब्याजदरमा ब्याज भुक्तानी समयावधि समायोजन गरी प्रभावकारी ब्याजदर (Effective

Interest Rate) दशमलव पछि चार अंकसम्म कायम गरी मापन गरिनेछ। जस्तै: समान ब्याजदर पेश गर्ने बैंकहरुमध्ये एउटाले त्रैमासिक रुपमा ब्याज प्रदान गर्ने र अर्कोले मासिक रुपमा ब्याज प्रदान प्रदान गर्ने भएमा मासिक ब्याज प्रदान गर्ने बैंकको प्रभावकारी ब्याजदर उच्च हुन आउँछ।

(ङ) निर्णय प्रक्रियामा समावेश बोलहरुको प्रभाकारी ब्याजदर उच्चतमबाट न्यूनतम हुने गरी बोलकबोल गर्ने संस्थाको नाम, कबुल गरेको रकम र प्रस्तावित लगानी रकम सहितको विवरण समितिको निर्णयमा उल्लेख हुनुपर्नेछ।

(च) यस कार्यविधिमा उल्लेखित सबै मापदण्ड र शर्त पूरा भएका संस्थाहरुमध्ये प्रभावकारी ब्याजदर उच्च भएको संस्थाहरुको मुद्दती निक्षेपमा लगानी गरिनेछ। तर उक्त प्रभावकारी ब्याजदरभन्दा अन्य वाणिज्य बैंकहरुले सोही अवधिको संस्थागत निक्षेपको लागि प्रकाशन गरेको ब्याजदर उच्च भएमा बोलकबोल रद्द गरी शर्त र मापदण्ड पुग्ने तथा बढी ब्याजदर प्रदान गर्ने संस्थामा पत्र मार्फत निक्षेपमा लगानी गर्न सकिनेछ।

(छ) प्रभावकारी ब्याजदर समान रहेको अवस्थामा निक्षेप मौज्दात कम भएको र कम्पनीलाई बीमा व्यवसाय प्रदान गर्ने संस्थाहरुमा निक्षेप लगानीमा प्राथमिकता दिइनेछ।

(ज) बोलकबोल स्वीकृत भएका सबै संस्थाहरुलाई तत्काल जानकारी गराउनु पर्नेछ।

(झ) मुद्दती निक्षेपमा लगानी सम्बन्धी निर्णय कार्यान्वयन गर्दा सामान्यतया सबैभन्दा बढी प्रभावकारी ब्याजदर प्रदान गर्ने संस्थामा सबैभन्दा पहिले हुने गरी क्रमश: सबैभन्दा कम प्रभावकारी ब्याजदर प्रदान गर्ने संस्थाहरुमा सबैभन्दा पछि गरी प्रभावकारी ब्याजदरको प्राथमिकताको आधारमा निक्षेप लगानी गर्नुपर्नेछ।

४.७ मुद्दती निक्षेपमा लगानी सम्बन्धी निर्णय प्रक्रिया र समयावधि देहाय बमोजिम हुनेछ।

(क) सामान्यतया समितिले मुद्दती निक्षेप परिपक्व हुनु भन्दा ३ कार्यदिन अगावै सञ्चालक समिति समक्ष लगानी सिफारिस गर्नुपर्नेछ।

(ख) मुद्दती निक्षेपको बोलकबोल निर्णय समितिको सिफारिसमा सञ्चालक समितिले गर्नेछ। तर विगतको मुद्दती निक्षेप परिपक्व भई फिर्ता हुने दिनको कार्यालय समय अघिसम्म सञ्चालक समितिको बैठक बस्न नसकेमा समितिको सिफारिसको आधारमा प्रमुख कार्यकारी अधिकृतले

सञ्चालक समितिको अध्यक्षलाई जानकारी गराई लगानी गर्ने छ । सो लगानीको अनुमोदन सञ्चालक समितिबाट गराउनु पर्नेछ ।

(ग) तत्काल लगानी गर्नुपर्ने बोलकबोल भएमा बोलकबोलको म्याद समाप्त भएको दिन बेलुका वा भोलिपल्ट बिहान र तत्काल लगानी गर्नुपर्ने अवस्था नरहेमा ३ कार्यदिन भित्र समितिको बैठक बसी सञ्चालक समिति समक्ष लगानी सम्बन्धी सिफारिस गर्नु पर्नेछ । तत्काल लगानी गर्नु पर्ने निक्षेपको हकमा समितिको संयोजक बैठकमा उपस्थित हुन नसकेमा संयोजकको सहमतिमा प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा समितिको बैठक बस्नेछ ।

४.८ मुद्दती निक्षेप परिपक्व भई भुक्तानी हुने दिनमा पुन: लगानी हुने गरी लगानी प्रक्रिया अघि बढाउनु पर्नेछ । तर सार्वजनिक विदाको कारण सोही दिनमा लगानी हुन नसकेमा त्यसपछिको कार्यदिनमा लगानी हुने सुनिश्चित गर्नुपर्नेछ ।

४.९ सामान्यतया कम्पनीले मुद्दती निक्षेप परिपक्व हुने समयावधि अगावै सो निक्षेप फिर्ता (premature) गर्ने छैन । कुनै विशेष भुक्तानीको लागि कम्पनीको कल खाताको मौज्दात अपुग भएमा सञ्चालन समितिको स्वीकृतिमा सबैभन्दा कम ब्याज़दर भएको मुद्दती निक्षेप समयावधि अगावै फिर्ता (premature) गर्ने वा सोही निक्षेंपको धितोमा निश्चित अवधिको लागि ऋण लिन सकिने छ ।

४.१० कम्पनीले मुद्दती निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एअरमार्क गर्नेछ ।

४.११ लगानी निर्णय यथासमयमा कार्यान्वयन गरी प्रतिफलमा क्षति हुन नदिने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

परिच्छेद–५

मुद्दती निक्षेप बाहेक अन्य क्षेत्रमा लगानी विधि र प्रक्रिया

५.१ नेपाल सरकार, प्रदेश सरकार र नेपाल राष्ट्र बैंकको बचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र खरिदको हकमा कम्पनीले मागकर्ताद्वारा तोकिएको प्रक्रिया अनुसार लगानी गर्न लगानी समितिले सञ्चालक सम्मिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

५.२ कम्पनीले मुद्दती निक्षेप राख्न योग्य बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेको डिवेञ्चरमा लगानी गर्न सक्ने छ । यस्तो लगानी सम्बन्धी निर्णय समितिको सिफासिमा सञ्चालक समितिले गर्नेछ ।

५.३ मुद्दती निक्षेप तथा यस परिच्छेदको दफा ५.१ र दफा ५.२ बाहेकका अन्य क्षेत्रहरुमा लगानीको प्रतिफल, लगानीसँग सम्बन्धित जोखिम, सोको कानूनी र प्राविधिक आधारहरु समेत समावेश गरी समितिले तयार गरेको लगानी मूल्याङ्कन प्रतिवेदनको (Investment Appraisal Report) आधारमा सञ्चालक समितिले लगानी गर्न सक्नेछ ।

परिच्छेद–६

लगानी समितिको गठन र कार्य

६.१ नेपाल बीमा प्राधिकरणद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा १४ उपदफा २(ख) बमोजिम र यस कार्यविधिको प्रस्तावनाको मर्म अनुरुप कार्य गर्न देहाय बमोजिमको **लगानी समिति** रहनेछ ।

(क) समितिले तोकेको सञ्चालक - संयोजक
(ख) प्रमुख कार्यकारी अधिकृत - सदस्य
(ग) प्रमुख, वित्त व्यवस्थापन विभाग(लगानी शाखा) - सदस्य सचिव

६.२ उपदफा ६.१ बमोजिम गठित **समितिको** कार्य देहाय बमोजिम हुनेछ :

(क) उपदफा ४.७ (ख) मा उल्लेखित निर्णय प्रक्रिया बाहेक कम्पनीको सबै प्रकारको लगानी प्रस्ताव तर्जूमा गरी सञ्चालक समिति समक्ष पेश गर्ने,

(ख) नयाँ मुद्दती निक्षेपमा लगानीको समयावधि परिवर्तन/निर्धारण गर्न सञ्चालक समितिलाई सिफारिस गर्ने,

(ग) लगानी सम्बन्धी उजुरी आएमा सो को छानबिन गरी सञ्चालक समिति समक्ष पेश गर्ने,

(घ) कम्पनीको लगानी सम्बन्धी त्रैमासिक प्रगति विवरण सञ्चालक समिति समक्ष पेश गर्ने,

(ङ) सञ्चालक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

६.४ समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ । मुद्दती निक्षेप बाहेकको अन्य लगानी सम्बन्धी बैठकमा आवश्यकता अनुसार प्रति बैठक बढीमा २ जना वाह्य विज्ञहरु आमन्त्रण गर्न सकिनेछ ।

CamScanner

परिच्छेद–७

विविध

७.१ **मुद्दती निक्षेपमा नयाँ लगानी निर्धारित खाताबाट गर्नुपर्ने :** कम्पनीले मुद्दती निक्षेपमा लगानीको लागि कुनै एउटा वाणिज्य बैंकमा खाता निर्धारण गरी सोही खाताबाट मात्र सबै बैंक तथा वित्तीय संस्थाहरुमा मुद्दती निक्षेपमा नयाँ लगानी गर्नुपर्नेछ। कम्पनीले सबै बैंक तथा वित्तीय संस्थाहरुबाट मुद्दती निक्षेपमा पाकेको ब्याज र परिपक्व भएको साँवा भोलिपल्ट (सो दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) सम्म सो निर्धारित खातामा जम्मा गरिसक्नु पर्ने छ।

७.२ **लगानीको मूल्याङ्कन गर्नु पर्ने :** घरजग्गा व्यवसायमा रहेको लगानीलाई कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक मूल्याङ्कन गर्नुपर्नेछ।

७.३ **विवरण पेश गर्नुपर्ने :** कम्पनीले अनुसूची ३ बमोजिमको ढाँचामा त्रैमासिक रुपमा अवधि सकिएको पन्ध्र दिन भित्र नेपाल बीमा प्राधिकरण समक्ष लगानीको विवरण पेश गर्नुपर्नेछ।

७.४ **सहायक कम्पनीमा लगानी :** कम्पनीले देहाय बमोजिमका क्षेत्रहरुमा सहायक कम्पनीमा लगानी गर्न सक्नेछ : (क) धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त पब्लिक लिमिटेड कम्पनी, (ख) कृषि उत्पादन तथा वितरण, (ग) शीत भण्डार गृह, (घ) जलविद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन, (ङ) शिक्षा र स्वास्थ्य र (च) लगानी कम्पनी।

७.५ **बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा/गराउँदा कुनै बाधा अड्काउ आएमा समितिको सिफारिसमा सञ्चालक समितिले त्यस्तो बाधा अड्काउ फुकाउनेछ।

७.६ **खारेजी र बचाऊ :**

(क) यो लगानी कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडी कार्यान्वयनमा रहेको "राष्ट्रिय बीमा संस्थान लगानी सम्बन्धी कार्यविधि, २०७६" खारेज गरिएको छ।

(ख) यो लगानी कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडी लगानी सम्बन्धी भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ४.४ (क) सँग सम्बन्धित)

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

लगानी शाखा

रामशाहपथ, काठमाडौं ।

मुद्दती निक्षेपमा लगानीको लागि बोलपत्र आव्हानको सूचना

यस कम्पनीले कम्तीमा रु.................... (अक्षरेपी रु....................), ... महिनाको लागि मुद्दती निक्षेपमा राख्ने भएकोले यस कम्पनीको लगानी कार्यविधि २०८१ को परिच्छेद ३ बमोजिम योग्यता पुगेका नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र पूर्वाधार विकास बैंकहरुले आफूले सोही अवधिको लागि लिन चाहेको निक्षेप रकम, ब्याजदर र ब्याज भुक्तानी समय समेत उल्लेख गरी मिति yyyy/mm/dd गते दिउँसो .... बजेभित्र बोलकबोल सिलबन्दी प्रस्ताव बुझाउन आव्हान गरिएको छ । बोलकबोलको विस्तृत निर्णय कम्पनीको वेभसाईटमा निर्णय भएको दिन प्रकाशन गरिने छ । साथै बोल पर्ने संस्थालाई सोही दिन इमेलमार्फत जानकारी समेत गराइनेछ । विस्तृत विवरण कम्पनीको वेभसाईट http://rbs.gov.np/ मा उपलब्ध रहेको छ ।

शर्तहरु:

- तोकिएको अवधिको लागि मात्र बोलकबोल पेश गर्नु पर्नेछ ।
- निक्षेप भएको दिनदेखि गणना गरी ब्याज भुक्तानी गर्नु पर्नेछ ।
- मासिक/त्रैमासिक रुपमा महिना/त्रैमासको अन्तिम दिन ब्याज भुक्तानी गर्नु पर्नेछ ।
- निक्षेप बोलकबोल माग रकम कम्तीमा रु ५ करोड र सो भन्दा बढीको हकमा रु ५० लाखले नि:शेष भाग जाने रकम हुनु पर्नेछ ।
- बोलकबोलपत्रमा पेश गरेको ब्याजदर र निक्षेप माग रकम बोलपत्र पेश गरेको मितिले १ महिना वा ब्याजदर परिवर्तन नभएसम्म मान्य हुनु पर्नेछ ।
- प्रतिस्पर्धी बोलकबोलवालाले खरिद गर्न चाहेको रकम र कबोल गर्न चाहेको ब्याजदर (दशमलव पछाडि ४ अंकसम्म मात्र) उल्लेख गर्नु पर्नेछ ।
- बोलकबोलवालाले बहु-बोलकबोल पेश गर्न पाईने छैन।
- बोलकबोलमा ब्याजदर Range मा राख्न पाइने छैन तथा ब्याजदर निश्चित अंकको हुनु पर्नेछ ।
- तोकिएको अवधि समाप्त भएपछि उक्त रकम भुक्तान हुन बाँकी ब्याज सहित कम्पनीले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।
- उपरोक्त शर्त र प्रक्रिया नपुगेका बोलकबोल रद्द हुनेछ । स्वीकार योग्य बोल आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कम्पनीलाई हुनेछ ।
- बोलकबोल स्वीकृत भएका बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप स्वीकार नगरेमा त्यस्ता संस्थाहरुलाई आगामी १ वर्षसम्म बोलकबोलमा सहभागी गराइने छैन ।
- थप जानकारी कम्पनीको वेभसाईटको news and events मा उपलब्ध रहेको छ । साथै, यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको फोन नं. ०१-५३६२५२० (Ext. no. २१६) मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

CamScanner

अनुसूची २

(दफा ४.६ (ख) सँग सम्बन्धित)

मुद्दती माग फारामको ढाँचा

.... बैंक/संस्था लि.

केन्द्रीय कार्यालय

(छाप)

मिति :

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यू,
राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
रामशाहपथ, काठमाडौं ।

विषय :- मुद्दती निक्षेपको लागि बोलकबोल पेश गरेको सम्बन्धमा ।

महोदय,

त्यस कम्पनीको मिति ..../....../...... मा भएको आह्वान बमोजिम यस संस्था/बैंकले रु .... करोड निक्षेप ...... महिना अवधिका लागि .... प्रतिशत ब्याजदरमा .... भुक्तानी हुने गरी लिन ईच्छुक भएकोले सोही प्रयोजनका लागि यो शिलबन्दी बोलपत्र पेश गरेका छौं । उक्त निक्षेपमा पाकेको त्यस कम्पनीले तोकेको खातामा जम्मा गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै, कम्पनीले मुद्दती निक्षेपको बोलकबोल सुचनामा उल्लेख गरेका शर्तहरु पालना गर्न मञ्जुर रहेको ब्यहोरा अनुरोध गर्दै प्रस्ताव अनुसारको निक्षेप एक महिनासम्म वा ब्याजदर परिवर्तन नभएसम्म स्वीकार गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछौं ।

यस बैंक/संस्थाको .... महिनाको वित्तीय सूचकाङ्क यस प्रकार रहेको छ ।

क्र.सं.	विवरण	वित्तीय सूचकाङ्क प्रतिशतमा
१	Non-Performing Loan to Total Loan (NPL)	
२	Capital Adequacy Ratio (CAR)	
३	Total Deposit/Total Loan (TD/TA)	
४	Total Credit to Total Deposit (CD)	
५	Net Liquid to Total Deposit (Net Liquidity)	
६	Premium to RBS (Previous Quarter)	
७	Accumulated Reserve till date	

यस बैंक/संस्था नेपाल राष्ट्र बैकको शीघ्र सुधारात्मक कारवाहीमा नपरेको वा समस्याग्रस्त घोषणा नभएको व्यहोरा जानकारी गराउँदछौं, साथै उपरोक्त शर्तनामा पुरा गरेको स्वःघोषणा गर्दछौं ।

संस्थाको आधिकारिक पदाधिकारी :-

१.

दस्तखत :- ....

नाम :- ....

पद :- ....

सम्पर्क नं. :- ....

२.

दस्तखत :- ....

नाम :- ....

पद :- ....

सम्पर्क नं. :- ....

CamScanner

अनुसूची ३

(दफा ७.३ सँग सम्बन्धित)

लगानीको विवरण

बीमकको नाम :

पेश गर्नुपर्ने अवधि : त्रैमासिक

पेश भएको अवधि :

पेश भएको मिति :

क्र.सं.	लगानीको क्षेत्र	वास्तविक लगानी रकम रु	कुल जम्मा लगानीमा लगानीको क्षेत्रको प्रतिशत
१	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा नेपाल राष्ट्र बैंकको बचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त बचतपत्र वा ऋणपत्र		
२	नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंक तथा नेपाल पूर्वाधार बैंक लिमिटेडको मुद्दती निक्षेप		
३	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेप		
४	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेप		
५	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर साधारण शेयरमा परिणत नहुने, बन्ड डिबेन्चर ऋणपत्र		
६	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको वन्ड, डिबेन्चर र ऋणपत्र		
७	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर		
८	नागरिक लगानी कोष तथा म्यूचुअल फण्डका लगानी योजनाहरु		
९	घरजग्गा व्यवसाय		
१०	कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग जल विद्युत सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना केवलकार सडक विद्युत प्रसारण लाइन शिक्षा र स्वास्थ्य क्षेत्र।		
११	इन्भेष्टमेन्ट कम्पनीको शेयर		
१२	विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्विटी फण्ड र भेन्चर क्यापिटल फण्ड		
	कुल जम्मा लगानी		